स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चन्द्र पन्तको निर्देशनमा बनेको फिल्म "आ बाट आमा २" प्रदर्शन हुन अब १६ दिन बाँकी छ। तर, फिल्मको छायांकन भने अझै पूरा भइसकेको छैन। तीन दिनअघि काठमाडौंको मूलपानीमा फिल्मको एक गीत खिचिएको थियो। अब केही महत्वपूर्ण दृश्यको छायांकनका लागि निर्देशक पन्त र अभिनेता पल शाह हङकङ पुगेका छन्। फिल्मको कथा वैदेशिक रोजगारीसँग सम्बन्धित भएकाले हङकङमा छायांकन गर्न लागिएको पन्तले जानकारी दिए।

**आजको विचार...**



केशव बलायर

वित्तीय...
(दुई पेजमा)

अभिनेता सविन श्रेष्ठ र अभिनेत्री अनु शाहलाई पुत्रलाभ भएको छ। अनुले मंगलबार मध्यान्ह काठमाडौंको एक अस्पतालमा छोरालाई जन्म दिएकी हुन्। अहिले आमा र बच्चाको अवस्था सामान्य रहेको सविनले जानकारी दिए। उनले छोराको हात समाएको एक तस्बिर फेसबुकमा पोस्ट गर्दै आफूले संसारकै सबैभन्दा अमूल्य उपहार पाएको उल्लेख गरेका छन्। सविन र अनु गत वर्षको असोजमा विवाह बन्धनमा बाँधिएका थिए। त्यसअघि उनीहरु करिब आठ वर्ष प्रेम सम्बन्धमा थिए।



❒ वर्ष ३२ ❒ अंक ७७ ❒ २०८३ असोज १६ गते शुक्रबार 2 October 2026, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# देवगीर बजार पहिरोको उच्च जोखिममा

***भूगर्भविद्को अध्ययन प्रतिवेदन नआउन्जेलसम्मका लागि सो सडक खण्डमा ठूला सवारी साधन चलाउदा जोखिम बढ्ने भएकोले, ठूला तथा भारी सवारी साधन संचालन रोक लगाएको छ ।***

**कृष्ण पोखरेल**

**पाल्पा,** असोज १५/ लगातार चार दिनको अविरल वर्षाका कारण जमिन चिरा परेपछि जिल्लाको माथागढी गाउँपालिकाका( ४ देवगीर ( खलिपोखरा) बजार पहिरोको उच्च जोखिमका परेको छ ।

बासटारी-भ्ऋडेवा-दुम्कीबास बहुप्रदेश सडक अन्तर्गत माथागढी गाउँपालिका वडा नम्बर ४, देवगीर ( खलिपोखरा) बजारको बीच भागबाटै करिब २०० मिटर लामो धाँजा फाँटेको (चिरा) परेपछि सिङ्गो देवगीर बजार पहिरोको उच्च जोखिममा परेको हो ।

देवगीर बजारको विच सडकबाट फाटेको धाँजा १ ईन्च सम्म फराकिलो ५ फिट सम्म गहिराई, रहेको छ स्थलगत अनुगमनमा खटिएका लुम्बिनी प्रदेश सांसद खेम बहादुर सारुले बताए । सडकको मध्यभागबाट धाँजा फाटेपछि देवगीर बजार र आसपासका करीव ३० घरपरिवार पूर्ण रुपमा प्रभावित भएका छन । धाँजा फाटेको सडकको दक्षिणतर्फका घरपरिवार बढी प्रभावित बनेका छन् । धाँजा फाटेका कारण बालकृष्ण न्यौपाने, महेन्द्र केसी, केशरजंग श्रेष्ठ, अर्जुन श्रेष्ठ, लगायतका घरहरू चर्किएको छ भने सडक समेत तल दबिएको छ । सडक चिरा परेपछि बर्षातको सयममा स्थानीयवासीले प्लाष्टिक त्रिपाल तथा राखेर धाँजा फाटेको स्थानमा पानी पस्नबाट जोगाउने प्रयास गरेका



थिए । जमिन फाटेर बस्ती नै खतरामा परेपछि प्रदेश सांसद, गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी तथा प्राविधिक इन्जिनियरहरूको टोलीले देवगीर क्षेत्रको स्थलगत अध्ययन तथा अवलोकन गरेको छ । संयुक्त अवलोकन पछि प्रदेस सांसद पुर्व स्वास्थ्यमन्त्री खेम बहादुर सारुले उक्त क्षेत्र अति जोखिमयुक्त रहेकाले भूगर्भविदहरु मार्फत वैज्ञानिक अध्ययन गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले बताए । भूगर्भविद्को अध्ययन प्रतिवेदन नआउन्जेलसम्मका लागि सो सडक खण्डमा ठूला सवारी साधन चलाउदा जोखिम बढ्ने भएकोले, ठूला तथा भारी सवारी साधन संचालन रोक लगाएको र साना तथा हलुका सवारी साधन मात्र सञ्चालन गर्न निर्णय गाउँपालिकाले गरेको पालिका अध्यक्ष यम बहादुर चिदीले बताए । स्थलगत निरीक्षणमा पुगेका सडक पुर्वाधार विकास कार्यालय पाल्पाका इन्जिनियर तेजप्रसाद अधिकारीले नाङ्गो आँखाले हेर्दा नै सो क्षेत्र अत्यन्त जोखिमपूर्ण देखिएको बताए । "हामीले प्रारम्भिक हेराइमा सो क्षेत्र जोखिमयुक्त नै पाएका छौं, तर वास्तविक प्राविधिक अवस्था भने भूगर्भविद्को विस्तृत अध्ययनपछि मात्र स्पष्ट हुनेछ," इन्जिनियर अधिकारीले बताए । देवगीर क्षेत्रमा यसअघि वि.सं. २०७८ सालमा पनि सडक चर्किएको र धाँजा फाटेको थियो । तर, तत्कालीन समयमा भूगर्भविद्को सल्लाह र अध्ययनविना नै सडक टालटुल, प्लास्टर र ढलाई गरेर पुन: यातायात सञ्चालन गरिएको थियो । भुगर्वविदको प्राविधिक अध्ययनविना पुन: टालटुल गरेर सडक संचालन गरेका भविष्यमा थप ठूलो क्षति हुन सक्ने ईन्जिनियर अधिकारीले बताए । वडा नम्बर ३ मा पनि जमिन फाटेर १० घर धरापमा यसैगरी, माथागढी गाउँपालिका वडा नम्बर ३ स्थित कसेनी(सराई(भैसकट्टा क्षेत्रमा पनि अविरल वर्षाकै कारण करिब ७५ मिटर लम्बाइमा जमिन चिरा परेको छ । जमिन फाटेपछि सो क्षेत्रका करिब १० घरपरिवार धरापमा परेका र यसै गरी वडा नं. ३ कै सिकारकोट डुमिरडाडा बस्ती क्षेत्रमा जमिन चिरा चिरा परेको वडा अध्यक्ष तेजबहादुर घर्तीमगरले बताए । सडक र वरपरको जमिनमा लगातार परेको चिराका कारण स्थानीय बासिन्दाहरू त्रसित बनेका छन्। वर्षा जारी रहेमा र जमिन थप भासिएमा ठूलो जनधनको क्षति हुन सक्ने भन्दै स्थानीयवासीले सुरक्षित स्थानतर्फ स्थानान्तरण र दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायसँग माग गरेका छन् ।

## संक्षिप्त समाचार

### बन्दुकधारीको आक्रमणमा सात जनाको मृत्यु



**एजेन्सी**

**दमास्कस,** असोज १५/सिरियाको पश्चिमी होम्स प्रान्तमा बन्दुकधारीले यात्रुवाहक बसमा गोली चलाउँदा कम्तीमा सात जनाको मृत्यु भएको छ । सरकारी समाचार संस्था सानाका अनुसार बुधबार मास्याफ पुल पार गरिरहेको बसमा 'अज्ञात आक्रमणकारी'ले गोली चलाएका थिए । घटनामा केही मानिस घाइतेसमेत भएका छन् । होम्सका आन्तरिक सुरक्षा प्रमुख ब्रिगेडियर जनरल बासेम मोहम्मद शाबानका अनुसार उक्त बस एउटा कम्पनीका कर्मचारीलाई काम सकेर घर फर्काउँदै थियो । घटनापछि सुरक्षा निकायले अनुसन्धान सुरु गरेको छ । आक्रमणकारीलाई पक्राउ गरी कानुनी कारबाही गर्ने उनले बताएका छन् । यो घटना सिरियामा बसर अल-असदको सरकार सन् २०२४ को अन्त्यमा पतन भएपछि सुरक्षा चुनौती कायमै रहेको पछिल्लो संकेत हो । दमास्कस र आसपासका क्षेत्रमा यस अवधिमा विभिन्न हिंसात्मक आक्रमण हुँदै आएका छन् । यसैबीच, राजधानी दमास्कसनजिकै ग्यास पाइपलाइनमा विस्फोट र आगलागी हुँदा तीनवटा प्रमुख विद्युत् गृह बन्द भएका छन् ।

## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८३/०६/१५**

मिति २०८३/०६/१४ को यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय बमोजिम यस विद्यालयमा अंग्रेजी शिक्षक आवश्यक परेकोले इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकहरुबाट देहायको विवरण अनुसारको दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**१. विज्ञापन नं. :** ०२/०८३
**२. पद :** अंग्रेजी शिक्षक, **पद सङ्ख्या :** १ (एक) जना
**३. आवश्यक शैक्षिक योग्यता :** +२ उर्त्तिण (अनुभवीलाई विशेष प्राथमिकता दिइने छ ।)
**४. उमेर :** १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको
**५. दरखास्त बुझाउने अन्तिम मिति :** २०८३/०६/२८
**६. सम्पर्क मिति :** २०८३ /०६/२८ गते साँझ ४:०० बजेसम्म
**७. परीक्षाको किसिम :** लिखित/अन्तर्वार्ता, कक्षा शिक्षण
**८. तलव स्केल :** विद्यालयको नियम अनुसार
**९. परीक्षा हुने मिति :** सम्पर्क मितिमा जानकारी गराइनेछ ।
**१०. दरखास्त दस्तुर :** ५००/ (पाँच सय)
**११. आवश्यक कागजात :** शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी, अनुभव प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, वायोडाटा र निवेदन सहित निवेदक स्वयं उपस्थित हुनुपर्नेछ ।
**सर्म्पक :** ०७५-५२२६२६, ९८५७०२८२४४, ९८४७०२९८५५

**श्री न्यू होराइजन आवासीय माध्यमिक विद्यालय**

**तानसेन,पाल्पा**

# आधुनिकताले लोप हुँदै कुचबधियाको परम्परागत पेसा

**बाँके,** असोज १५/आधुनिक प्रविधिको विकाससँगै लोपोन्मुख कुचबधिया समुदायको परम्परागत पेसा सङ्कटमा पर्दै गएको छ ।

बाँकेको जानकी गाउँपालिका-३ इन्द्रपुर निवासी अर्जुन कुचबधियाले सहर बजारदेखि गाउँघरसम्म मिक्सर मेसिन प्रयोग हुन थालेपछि जाँतो र सिलौटो बनाएर बिक्री गर्ने आफ्नो पुर्ख्यौली पेसा सङ्कटमा पर्दै गएको बताए । "हाम्रो पुर्ख्यौली पेसा सिलौटा, जाँतो र सनडोरीको व्यापार हो तर अहिले बिक्री नै हुँदैन", उनले भने, "अहिले घर-घरमा मिक्सर चलाउने भएकाले सिलौटा र जाँतो कसैले पनि किन्दैनन् ।" सिलौटा र जाँतो बनाउने ढुङ्गा लगायतका कच्चापदार्थ भारतबाट किन्नुपर्ने बाध्यता रहेको छ । भारतबाट कच्चापदार्थ आयात गर्दा भन्सार नाकामा समस्या हुने गरेको उनले बताए । कच्चापदार्थको अभाव तथा तयार भएका मालसामान सजिलै बिक्री हुन छोडेपछि



युवापुस्ता अन्य कामको खोजीमा सहर पस्ने गरेको उनले बताए । कुचबधिया बस्तीकी मीना कुचबधियाले भने, "हिजोआज सिलौटा र जाँतो बिक्री हुँदैन, सबैले मसला पिस्ने मिक्सचर छ भन्छन्, रित्तो हात फर्कनुपर्छ ।" कुचबधिया समुदायका पुरुष सिलौटा, जाँतो बनाएर बिक्री गर्छन् । महिला भने घरघरमा पुरानो सिलौटा, जाँतो खोप्न जाने गर्दछन् । दिनभरि डुलेर एक दुई ठाउँमा पुरानो सिलौटा खोप्ने काम गरेबापत पाउने चामल र दालबाट छाक टार्न मुस्किल भएको उनको भनाइ छ । जानकी गाउँपालिका-३ इन्द्रपुरस्थित कुचबधिया बस्तीका अगुवा पटवारी कुचबधिया दिनभरि सिलौटा, जाँतो र डोरी बेचेर आएको आम्दानीबाट साँझ बिहानको छाक टार्नै मुस्किल हुने भएपछि अहिले नयाँ पुस्ताले पुर्ख्यौली पेसा छोडेर मजदुरी गर्न थालेको बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## हिंसारहित समाजको संकल्प

अक्टोबर,२ लाई विश्व अहिंसा दिवसका रूपमा मनाइने गरिन्छ । भारतका अहिंसावादी नेता महात्मा गान्धीको जन्म दिनको अवसर पारेर सन् २००७ देखि हरेक वर्ष यो दिनलाई अहिंसात्मक दिवसका रूपमा मनाउने प्रस्ताव संयुक्त राष्ट्र संघको महासभाले सर्वसम्मतिले पारित गरेको हो । सोही अनुसार आजकै दिन यो दिवस मनाउने गरिएको छ । विश्व मानव इतिहास हिंसा र द्वन्द्वका कैयन् घटनाक्रमहरू सामना गर्दै यहाँसम्म आइपुगेको छ । अहिले पनि विश्वका विभिन्न स्थानमा यस्ताखालका हिंसात्मक द्वन्द्वका घटना भइरहेका छन् । हरेक कुराको प्राप्ति र जीतका लागि द्वन्द्व नै विकल्प त होइन यद्यपि मानिस यसैतर्फ बढी लागेका देखिन्छ ।

हिंसा केवल युद्ध वा हतियारको प्रयोगमा सीमित छैन, अपमानजनक व्यवहार, घृणात्मक अभिव्यक्ति, विभेद, शोषण र अरूको अधिकारमाथिको हस्तक्षेप पनि हिंसाकै रूप हुन् । त्यसैले अहिंसाको अर्थ केवल शारीरिक हिंसा नगर्नु मात्र होइन, विचार र व्यवहारमा समेत सम्मान, सहिष्णुता र मानवताको विकास गर्नु हो । नेपालको सन्दर्भमा अहिंसाको सन्देश अझ महत्वपूर्ण छ । विविध जाति, भाषा, धर्म, संस्कृति र विचार बोकेको हाम्रो समाजमा असहमति स्वाभाविक हो । तर असहमतिलाई द्वन्द्वमा परिणत हुन नदिई संवाद र लोकतान्त्रिक विधिबाट समाधान खोज्नु आवश्यक छ । परिवारदेखि विद्यालय, समाजदेखि राज्यसम्म हरेक तहमा सहिष्णुता र संवादको संस्कार बलियो बनाउन सके हिंसाका अनेक रूपलाई न्यूनीकरण गर्न सकिन्छ । अहिंसाको संस्कृति निर्माण गर्ने जिम्मेवारी सरकार वा कुनै एउटा संस्थाको मात्र होइन । अभिभावकले बालबालिकालाई सम्मान र सहिष्णुता सिकाउनुपर्छ, विद्यालयले संवाद र सहकार्यको संस्कार विकास गर्नुपर्छ, सञ्चारमाध्यमले जिम्मेवार अभिव्यक्तिलाई प्राथमिकता दिनुपर्छ र नागरिकले सामाजिक सञ्जालदेखि सार्वजनिक जीवनसम्म संयमित व्यवहार अपनाउनुपर्छ । राज्यले पनि नागरिकका अधिकार, न्याय र समानताको सुनिश्चितता गर्दै विवाद समाधानका शान्तिपूर्ण संयन्त्रलाई प्रभावकारी बनाउनुपर्छ । विश्व अहिंसा दिवस केवल औपचारिक कार्यक्रम गर्ने दिनमा सीमित हुनुहुँदैन । यो दिनले हामीलाई एउटा महत्वपूर्ण प्रश्न सोध्नुपर्छ–हामी आफ्नो व्यवहार, परिवार र समाजबाट हिंसा कम गर्न के गर्दैछौँ ? यसको उत्तर नारामा होइन, दैनिक व्यवहारमा खोजिनुपर्छ । अहिंसा कमजोरी होइन, यो अन्याय र द्वन्द्वको सामना गर्ने शान्तिपूर्ण र जिम्मेवार माध्यम हो । सत्य, न्याय, संवाद र सहअस्तित्वलाई जीवनपद्धतिको हिस्सा बनाउन सके मात्र दिगो शान्ति सम्भव हुन्छ । त्यसैले विश्व अहिंसा दिवसले दिएको सन्देशलाई एक दिनको सम्झनामा सीमित नराखी वर्षभरि व्यवहारमा उतार्नु आजको आवश्यकता हो । हिंसामुक्त समाज निर्माणको सुरुवात अरूबाट होइन, आफैँबाट गरौँ

## Opinion @ Social Network

"जरुरी छैन कि कति कुराहरु तोड्न ढुङ्गा नै प्रहार गर्नुपर्छ,
बचन लाग्ने गरी बोल्न थाल्दा पनि धेरै कुरा टुट्ने गर्छन्।"
*(सरिता चिदीको फेसबुक स्टाटसबाट www.facebook.com/Sarita.Chidi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वित्तीय पारदर्शिता र सुशासनका लागि लेखापरीक्षण



## केशव बलायर

नेपालजस्तो विकासोन्मुख देशमा वित्तीय परिपालना र लेखापरीक्षणको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । कुनै पनि मुलुकको विकासको दर, सुशासनको गुणस्तर, र जनतामा राज्यप्रतिको विश्वास यसको वित्तीय पारदर्शिता र उत्तरदायित्व प्रणालीमा निर्भर हुन्छ । लेखापरीक्षण भन्नाले सरकारी वा सार्वजनिक निकायको आर्थिक लेनदेन, राजस्व, खर्च, र सम्पूर्ण वित्तीय व्यवस्थापनलाई स्वतन्त्र, निष्पक्ष र प्रमाणमा आधारित तरिकाले परीक्षण गर्ने प्रक्रिया हो । यसको उद्देश्य केवल त्रुटि देखाउने मात्र होइन, नीतिगत सुधार र दिगो विकासको दिशा देखाउनु पनि हो । नेपालमा लेखापरीक्षणको प्रमुख जिम्मेवारी महालेखा परीक्षकको कार्यालयले लिएको छ, जसले राज्यका सम्पूर्ण निकाय, आयोजना, संस्थान र सरकारी कम्पनीहरूको वार्षिक परीक्षण गर्दछ । महालेखा परीक्षकले हरेक वर्ष सुझावसहित प्रतिवेदन सार्वजनिक गरे पनि सरकारी निकायहरू भने मौन रहने गरेका छन् । वित्तीय परिपालना भन्नाले सार्वजनिक कोषको व्यवस्थापन, प्रयोग र नियन्त्रणलाई सूचित र जिम्मेवार बनाउने प्रक्रियालाई बुझिन्छ । कार्यमूलक सन्दर्भमा यसको अर्थ सरकारी निकायहरूले आफ्ना कार्ययोजना अनुसार जनताको करबाट सङ्कलित रकम कहाँ, कसरी, र कति प्रभावकारी रूपमा खर्च गरे भन्ने सुनिश्चित गर्नु हो । राज्यको वित्तीय शुद्धता सुनिश्चित गर्न लेखापरीक्षण नै प्रमुख माध्यम हो । लेखापरीक्षणले बजेट निर्माणदेखि कार्यान्वयनसम्मका सम्पूर्ण चरणहरूमा निगरानी गर्ने अवसर दिन्छ । यसले अनियमितता, दुरुपयोग, अपव्यय, र भ्रष्टाचारलाई नियन्त्रण गर्ने दिगो संयन्त्रका रूपमा काम गर्छ । तर महालेखा परीक्षकको प्रतिवेदन अनुसार सार्वजनिक निकायहरूले आफ्नो रकम बिना कुनै रीत र प्रमाण नपुर्‍याई खर्च गर्ने गरेका छन् । सार्वजनिक वित्तीय व्यवस्थापन कुनै पनि राज्यको आर्थिक मेरुदण्ड हो। यो प्रणालीले बजेट तयारी, राजस्व संकलन, खर्च व्यवस्थापन, ऋण नियन्त्रण, सम्पत्ति मूल्यांकन, लेखा प्रणाली र प्रतिवेदन (रिपोर्टीङ) सम्मका सम्पूर्ण कार्यहरू समेट्छ । नेपालमा पीइएम प्रणाली सुधारका लागि पछिल्ला वर्षहरूमा सरकारी नीतिहरूले इलेक्ट्रोनिक गभर्नेन्स, इ-प्रोक्योरमेन्टजस्ता प्रविधिमूलक अभ्यासहरू लागू गरेका छन् । यस्ता अभ्यासहरूले खर्च र राजस्व व्यवस्थापनलाई पारदर्शी, पछ्याउन सकिने (ट्रेसबल) र उत्तरदायी बनाएका छन् । तथापि, स्थानीय तहहरूमा प्राविधिक जनशक्ति, पर्याप्त लेखा प्रणालीको ज्ञान, र नियमनकारी संरचनाको अभावले गर्दा वित्तीय व्यवस्थापनमा अझै व्यापक सुधार आवश्यक देखिन्छ । यो प्रणालीले पूर्ण रूपमा नेपालभरि काम गर्न सकिरहेको छैन र अझै पनि पुरानै शैलीमा भुक्तानी दिने प्रचलन कायमै छ ।

लेखापरीक्षणको अर्को प्रमुख पक्ष वित्तीय उत्तरदायित्व हो । कुनै पनि सार्वजनिक निकायले जनताको करबाट सङ्कलित रकमको सदुपयोग गरेको छ कि छैन भन्ने प्रश्नमा उत्तरदायित्वको अवधारणा अत्यावश्यक हुन्छ । वित्तीय उत्तरदायित्वको अभाव हुँदा भ्रष्टाचार, अनियमितता र अपारदर्शिता बढ्छ । नेपालमा प्रत्येक निकायले वार्षिक रूपमा आफ्नो लेखा विवरण महालेखा परीक्षकलाई बुझाउनुपर्ने कानुनी व्यवस्था छ । तर समयमै प्रतिवेदन नबुझाउने, आन्तरिक लेखा प्रणाली कमजोर हुनु, र लेखापरीक्षणका सुझावहरू कार्यान्वयन नगर्नुजस्ता समस्याले उत्तरदायित्व कमजोर बनाएको छ । लेखापरीक्षणले यस्ता कमजोरीहरूलाई तथ्यका साथ उजागर गर्दै सुधारको बाटो देखाउने गर्छ । महालेखाले देखाएको बेरुजु हिसाबकिताबमा कोही पनि व्यक्ति जिम्मेवार बन्न तयार देखिँदैनन् । राजस्व चुहावट नियन्त्रण पनि लेखापरीक्षणको एक संवेदनशील विषय हो । नेपालको राजस्व प्रणालीमा भन्सार, कर, मूल्य अभिवृद्धि कर, सेवा शुल्क, गैरकर राजस्व लगायतका विभिन्न स्रोतहरू छन् । तर राजस्व चुहावटले राज्यको विकासमा ठूलो बाधा पुर्‍याउँछ । राजस्व चुहावट नियन्त्रणका लागि लेखापरीक्षणले स्रोत पहिचान, दस्तावेज प्रमाणीकरण, र राजस्व प्रशासनको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गर्नुपर्छ । यसका लागि प्रविधिमूलक प्रणाली जस्तै Integrated Tax System / Customs Automation प्रभावकारी साबित भइरहेका छन् । तर अझै पनि मानवीय हस्तक्षेप, राजनीतिक दबाब र नीतिगत कमजोरीका कारण राजस्व चुहावट पूर्ण रूपमा रोकिन सकेको छैन । यो नेपालको प्रमुख समस्या नै बनेको छ । राजनीतिक पहुँच र शक्तिका आधारमा प्रायजसो ठूला व्यावसायिक संस्थाहरूले नेपालमा राजस्व नतिर्ने परिपाटी छ । भ्रष्टाचार नियन्त्रणमा लेखापरीक्षणको योगदान विशेष उल्लेखनीय हुन्छ । नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षकको कार्यालयले आपसी सहकार्यमा वित्तीय अनियमितताहरू पहिचान गर्दै आएका छन् । लेखापरीक्षणले तथ्यगत प्रमाणसहित भ्रष्टाचारका घटनाहरू बाहिर ल्याउँछ, जसले कानुनी कारबाहीलाई सहज बनाउँछ । भ्रष्टाचार नियन्त्रणका लागि वित्तीय पारदर्शिता, आन्तरिक नियन्त्रण प्रणाली, र इ-गभर्नेन्सको प्रयोग अत्यावश्यक हुन्छ । दिगो सुशासन प्राप्त गर्न लेखापरीक्षण र पारदर्शिताको संयोजन अपरिहार्य छ । अर्थतन्त्रको स्थायित्वका लागि पनि लेखापरीक्षण अत्यन्त महत्त्वपूर्ण हुन्छ । कुनै मुलुकको अर्थतन्त्रले स्वस्थ विकास गर्न सरकारी खर्च, लगानी, र ऋणको सन्तुलन कायम राख्नुपर्छ । लेखापरीक्षणले राज्यको ऋण व्यवस्थापन प्रणाली, खर्च प्राथमिकता, र लगानीको प्रभावकारिताको विश्लेषण गरेर नीति निर्माता र सरकारलाई सन्तुलित अर्थनीति बनाउन सहयोग पुर्‍याउँछ । आर्थिक अनुशासनबिना दिगो विकास सम्भव हुँदैन । त्यसैले लेखापरीक्षणले अर्थतन्त्रमा स्थायित्व ल्याउने प्रमुख माध्यमका रूपमा काम गर्छ । सूचना प्रविधिको युगमा लेखापरीक्षण प्रविधिमैत्री हुन जरुरी छ । डिजिटल प्रणालीको प्रयोगले लेखापरीक्षणलाई समयानुकूल, सटीक र कार्यक्षम बनाउँछ । इ-लेखा प्रणाली, ब्लकचेन प्रविधि, डाटा एनालिटिक्स, र आर्टिफिसियल इन्टेलिजेन्सले लेखापरीक्षणको स्वरूप नै परिवर्तन गरिरहेका छन् । उदाहरणका लागि, Real Time Data Monitoring बाट कुनै पनि खर्च, सम्झौता वा भुक्तानी तत्काल जाँच गर्न सकिन्छ । यसले मानवीय त्रुटि घटाउँछ र अनियमितता रोक्छ । नेपालमा अझै पनि धेरै स्थानीय तहहरू कागजी प्रणालीमा आधारित छन् । त्यसैले डिजिटल लेखा प्रणाली र वित्तीय व्यवस्थापन सफ्टवेयरको विस्तार अति आवश्यक छ । वातावरणीय लेखापरीक्षण पनि अहिलेको आवश्यकता हो । विश्वभर दिगो विकास लक्ष्य (SDGs) का १७ उद्देश्यहरूमध्ये धेरै उद्देश्यहरू वातावरणीय पक्षसँग सम्बन्धित छन् । वातावरणीय लेखापरीक्षणले सरकारी नीति, आयोजना र खर्चले वातावरणमा पार्ने प्रभावको मूल्यांकन गर्छ । यसले विकास आयोजना दिगो, हरित र पारिस्थितिक सन्तुलनमा आधारित हुनुपर्छ भन्ने सन्देश दिन्छ । नेपालमा ठूला आयोजनाहरू-जस्तै सडक, जलविद्युत्, वा भवन निर्माण-पर्यावरणीय प्रभाव मूल्यांकन बिना नै अघि बढाउने प्रवृत्ति देखिन्छ । लेखापरीक्षणले यस्ता कमजोरीहरू उजागर गरी नीति सुधारमा योगदान पुर्‍याउन सक्छ । ऋण व्यवस्थापन पनि राज्यको वित्तीय स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित विषय हो । नेपालले विदेशी र आन्तरिक ऋण दुवै उठाउँछ । तर ऋणको प्रयोग, सेवा भुक्तानी, र दिगोपनामा ध्यान नदिँदा अर्थतन्त्रमा जोखिम बढ्छ । लेखापरीक्षणले ऋणको उपयोगिताको मूल्यांकन गर्छ-ऋणले उत्पादक क्षेत्रलाई बलियो बनायो कि मात्र उपभोगतर्फ खर्च भयो भन्ने पक्षको विश्लेषण गर्छ । जिम्मेवार ऋण व्यवस्थापनले दीर्घकालीन विकास सुनिश्चित गर्छ । विधि विज्ञानको सन्दर्भमा लेखापरीक्षणको कानुनी संरचना अत्यावश्यक हुन्छ । संविधान, लेखा ऐन, लेखापरीक्षण ऐन, स्थानीय सरकार सञ्चालन ऐन आदि कानुनी आधारहरूले लेखापरीक्षणको औपचारिक ढाँचा निर्धारण गर्छन् । तर कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन-कार्यान्वयनको शुद्धता र नियमनको दृढता पनि चाहिन्छ । लेखापरीक्षणको नतिजा कानुनी रूपमा बाध्यकारी हुनुपर्छ ताकि सार्वजनिक निकायहरू उत्तरदायी बनून् । लैङ्गिक उत्तरदायित्व पनि वित्तीय परिपालनाको महत्त्वपूर्ण आयाम हो । महिलाहरूको आर्थिक सशक्तिकरण, सहभागिता, र सेवाप्रवाहमा समान पहुँच सुनिश्चित गर्न बजेट र खर्च प्रणाली लैङ्गिक दृष्टिले संवेदनशील हुनुपर्छ । लेखापरीक्षणले यस्ता कार्यक्रमहरूमा खर्चको प्रभावकारिता, नतिजा, र समावेशिता मूल्याङ्कन गर्छ । यसले लैङ्गिक समानता र सामाजिक न्यायको अवधारणा सुदृढ बनाउँछ । विकास आयोजना र परियोजनाको लेखापरीक्षणले विशेष महत्त्व राख्छ । नेपालमा हरेक वर्ष अरबौं रुपैयाँका विकास आयोजनाहरू सञ्चालनमा छन् । तर धेरै आयोजना ढिलाइ, अलपत्र वा बजेट ओभररनका कारण प्रभावहीन हुन्छन् । लेखापरीक्षणले योजना बनाउनेदेखि निष्पादनसम्मको सम्पूर्ण प्रक्रिया विश्लेषण गर्छ-सम्झौता, परामर्शदाता छनोट, ठेक्का, भुक्तानी, र गुणस्तर सबै पक्षबाट । यस्ता परीक्षणहरूले परियोजना व्यवस्थापन सुधार्न र सार्वजनिक धनको सर्वोत्तम उपयोग गर्न सहयोग पुर्‍याउँछन् । अन्ततः, लेखापरीक्षण कुनै प्रतिकारात्मक मात्र नभई प्रगतिशील सुधारात्मक माध्यम हो । यसले शासनमा पारदर्शिता, उत्तरदायित्व र विश्वास पुनःस्थापित गर्न मद्दत गर्छ । सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका लागि लेखापरीक्षणका सुझावहरू कार्यान्वयन गर्न सरकार, संसद्, र स्थानीय तहले सँगसँगै काम गर्नुपर्छ । नागरिक समाज र सञ्चार माध्यमको भूमिकासमेत महत्त्वपूर्ण हुन्छ-किनकि जनताको निगरानीबिना वित्तीय सुशासन सम्भव हुँदैन । नेपालले आर्थिक अनुशासन, प्रविधि प्रयोग, र नीतिगत सुधारलाई संस्थागत रूपमा अपनाउन सके वित्तीय परिपालना मात्र सुधारिँदैन, समग्र अर्थतन्त्रमा पारदर्शिता, जवाफदेहिता र दिगोपनाको आधार बलियो बन्छ । लेखापरीक्षण कुनै औपचारिक प्रक्रिया होइन-यो जनताको करको सम्मान गर्ने र भविष्यको शासन प्रणालीलाई उत्तरदायी बनाउने संवैधानिक साधन हो ।*(बलायर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डोटी जिल्ला सभापति हुन्।)*

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : नयाँ अवसरले कार्यशैलीमा उत्साह थप्नेछ। आर्थिक पक्ष मजबुत बन्दै जानेछ।

**वृष** : अड्किएको कामले निकास पाउनेछ। आत्मीय मित्रको साथले हौसला बढाउनेछ।

**मिथुन** : आम्दानीका बाटो खुल्ने सम्भावना छ। पारिवारिक वातावरण सुमधुर रहनेछ।

**कर्कट** : नतिजाले मनमा सन्तुष्टि दिलाउनेछ। भावुक बनेर निर्णय नलिनुहोला।

**सिंह** : नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुनेछ। आजको दिन फलदायी रहनेछ।

**कन्या** : लगानीले राम्रो लाभ दिनेछ। घर परिवारमा सुखद् र रमाइलो माहोल बन्नेछ।

**तुला**: काममा सफलता मिल्नेछ। अचानक धनलाभ वा फाइदाको योग छ।

**वृश्चिक** : कार्यक्षमताको चौतर्फी कदर हुनेछ। कार्यस्थलमा कार्यऊर्जा थपिनेछ।

**धनु** : ज्ञान वृद्धिमा दिन फलदायी रहनेछ। आर्थिक योजनाहरूमा प्रगति हुनेछ।

**मकर** : काम सफलतापूर्वक सम्पन्न हुनेछ। व्यवसायमा नयाँ सम्झौता हुन सक्छ।

**कुम्भ**: काममा राम्रो मौका मिल्नेछ। आर्थिक स्थितिमा बिस्तारै सुधार आउनेछ।

**मीन** : दृष्टिकोणले अघि बढ्न प्रेरणा मिल्नेछ। पारिवारिक आत्मीयता छाउनेछ।

## स्वास्थ्य चर्चा

# पहिल्यै जानेको कुरा बच्चाले बिर्सदै गएको छ ?



डिमेन्सिया भन्नेबित्तिकै धेरैलाई वृद्ध उमेरमा देखिने अल्जाइमर रोगको सम्झना आउँछ होला । तर डिमेन्सिया बालबालिकामा पनि हुन सक्छ । हरेक वर्ष सेप्टेम्बरमा मनाइने बाल्यकालीन डिमेन्सिया दिवसले यसबारे जनचेतना फैलाउने प्रयास गर्छ । बाल्यकालीन डिमेन्सिया कुनै एउटा रोगको नाम होइन । यो मस्तिष्कलाई क्रमश: क्षति पुर्‍याउने दुर्लभ आनुवंशिक रोगहरूको समूह हो । सन् २०२३ मा साइन्स जर्नल ब्रेनमा प्रकाशित अध्ययनले बाल्यकालीन डिमेन्सिया गराउन सक्ने कम्तीमा १४५ वटा आनुवंशिक अवस्था पहिचान गरेको थियो । यी रोग छुट्टाछुट्टै भए पनि समग्रमा हेर्दा तिनको प्रभाव बढ्दै गएको छ । करिब २ हजार ९०० बच्चा मध्ये एक जना बच्चामा यस्तो हुने गर्छ । बच्चाहरूको विकासको गति फरक-फरक हुन्छ । कोही ढिलो बोल्छन्, कोही हिँड्न, पढ्न वा सिक्न बढी समय लिन्छन् । त्यसैले ढिलो विकास हुँदैमा गम्भीर रोग छ भन्न मिल्दैन । तर बच्चाले पहिले हासिल गरिसकेको सीप क्रमश: गुमाउन थाल्यो भने त्यसलाई विशेष ध्यान दिनुपर्छ । उदाहरणका लागि, पहिले विद्यालय जाने, साथीहरूसँग खेल्ने, आफ्नो नाम लेख्ने र सामान्य कुराकानी गर्ने बच्चाले पछि पढेका कुरा बिर्सन सक्छ । विद्यालयको काममा कठिनाइ आउन सक्छ, पहिले सजिलै बोल्ने शब्द बिर्सिन सक्छ, हिँड्दा लड्न सक्छ वा दैनिक कामका लागि अरूको सहयोग चाहिन सक्छ । यस्तो परिवर्तनलाई अल्छी भयो, पढाइमा कमजोर भयो वा बिग्रियो भनेर मात्रै बुझ्नु हुँदैन । पहिले हासिल गरेको क्षमता गुम्दै जानुलाई चिकित्सकीय भाषामा विकासात्मक क्षमताको ह्रास भनिन्छ । यो बाल्यकालीन डिमेन्सियासहित विभिन्न स्नायु तथा शरीरको भित्री प्रक्रियासम्बन्धी रोगको चेतावनीको संकेत हुन सक्छ । त्यसैले अभिभावक र शिक्षकले बच्चाले नयाँ कुरा सिक्न ढिलो गरेको हो कि पहिले सिकेको कुरा गुमाउँदै गएको हो भन्ने छुट्याउनुपर्छ ।

**कस्ता लक्षण देखिन सक्छन् ?**

लक्षण बच्चाअनुसार फरक हुन्छन् । स्मरणशक्ति र सिकाइ कमजोर हुँदै जानु, पहिले बोल्ने शब्द बिर्सनु, बोल्न कठिन हुनु, ध्यान वा बुझाइमा कमी आउनु, व्यवहार र व्यक्तित्व बदलिनु यसका सम्भावित संकेत हुन् । निद्रामा गम्भीर समस्या, हिँडडुल र सन्तुलन बिग्रनु जस्ता लक्षण देखिन सक्छ । रोग बढ्दै जाँदा केही बच्चाले बोल्ने, हिँड्ने, पढ्ने, लेख्ने वा खेल्ने जस्ता क्षमता गुमाउन सक्छन् । समयसँगै मस्तिष्कको काम गर्ने क्षमता घट्दै जानु यस समूहका रोगको मुख्य विशेषता हो । बाल्यकालीन डिमेन्सिया गराउने अवस्था प्राय: आनुवंशिक हुन्छन् । आनुवंशिक परिवर्तनका कारण मस्तिष्कका कोषले आवश्यक पदार्थ बनाउन वा प्रशोधन गर्न नसक्ने, हानिकारक पदार्थ जम्मा हुने, कोषमा ऊर्जा उत्पादनमा समस्या आउने वा स्नायु कोष क्रमश: बिग्रने हुन सक्छ । ब्याटन रोग, निमान-पिक रोगको 'सी' प्रकार, सानफिलिपो सिन्ड्रोम, माइटोकन्ड्रियासम्बन्धी ल्यूकोडिस्ट्रोफीह रोग र मस्तिष्कको सेतो भागलाई असर गर्ने केही रोग यस समूहमा पर्छन् । सबै रोग एउटै उमेरमा सुरु हुँदैनन् । केहीका लक्षण शिशु अवस्थामै देखिन सक्छन् भने अरूमा बाल्यकाल वा किशोरावस्थासम्म विकास सामान्य देखिन सक्छ ।

**पहिचानमा किन ढिलाइ हुन्छ ?**

यी रोग दुर्लभ भएकाले पहिचान गर्न कठिन हुन सक्छ । सुरुवाती लक्षण विकासमा ढिलाइ, आत्मकेन्द्रित व्यवहार, ध्यानसम्बन्धी समस्या, मिर्गी जस्तो समस्या, सिकाइको कठिनाइ वा व्यवहारमा आएको परिवर्तनजस्ता अन्य अवस्थासँग मिल्न सक्छन् । बच्चाको क्षमतामा समयसँगै आएको परिवर्तन बुझ्नु महत्त्वपूर्ण हुन्छ । अभिभावकले बच्चाको पहिलाको र अहिलेको अवस्था तुलना गरेर स्वास्थ्यकर्मीलाई बताउनुपर्छ । पुराना विद्यालयका प्रतिवेदन, बच्चाले पहिले गर्न सक्ने कामको विवरण र उपलब्ध भए पुराना भिडियोले परिवर्तनको क्रम बुझ्न मद्दत गर्न सक्छन् । अवस्थाअनुसार बालरोग विशेषज्ञ, बाल स्नायु रोग विशेषज्ञ, आनुवंशिक रोग विशेषज्ञ लगायतको टोलीले मूल्यांकन गर्न सक्छ । रोगको प्रकृतिअनुसार परीक्षणको एमआरआई, मस्तिष्कको विद्युतीय गतिविधि जाँच, शरीरको रासायनिक प्रक्रियासम्बन्धी परीक्षण वा आनुवंशिक परीक्षण गरिन सक्छ । अधिकांश बाल्यकालीन डिमेन्सियाको पूर्ण उपचार अहिले उपलब्ध छैन । तर निदान भएपछि बच्चालाई सहयोग गर्न धेरै उपाय अपनाउन सकिन्छ । मिर्गी र अन्य लक्षण नियन्त्रण गर्ने, पोषण तथा निल्ने समस्याको हेरचाह गर्ने र बच्चाको आवश्यकताअनुसार शारीरिक अभ्यास, दैनिक गतिविधिमा सहयोग तथा बोली र भाषाको उपचार उपलब्ध गराउन सकिन्छ । केही दुर्लभ रोगका उपचार र नयाँ उपायबारे अनुसन्धान पनि भइरहेको छ । रोगको प्रगति रोक्न नसकिने अवस्थामा पनि बच्चालाई सहज राख्ने, दैनिक क्षमता जोगाउने र जीवनको गुणस्तर सुधार्ने हेरचाह महत्त्वपूर्ण हुन्छ । आनुवंशिक रोग भएकाले परिवारलाई भविष्यको जोखिम बुझ्न आनुवंशिक परामर्शले सहयोग गर्न सक्छ ।

**नेपालमा थप सहयोगको आवश्यकता**

नेपालमा बाल्यकालीन डिमेन्सियाको वास्तविक अवस्था देखाउने पर्याप्त राष्ट्रिय तथ्यांक छैन । त्यसैले अन्तर्राष्ट्रिय अनुमानलाई नेपालको अवस्था भनेर प्रस्तुत गर्न मिल्दैन । दुर्लभ रोगका विशेषज्ञ सेवा, आवश्यक परीक्षण र आनुवंशिक जाँच सबै ठाउँमा सहज नहुन सक्छन् । उपचार र हेरचाहको खर्चले परिवारलाई थप कठिनाइमा पार्न सक्छ । यस अवस्थामा पहिलो कदम महँगो परीक्षण गर्नु मात्रै होइन, बच्चाको क्षमतामा आएको परिवर्तन समयमै चिन्नु हो । पहिले बोल्ने शब्द बिर्सनु, विद्यालयमा पहिलेजस्तो काम गर्न नसक्नु, हिँडडुलमा परिवर्तन आउनु वा पहिले हासिल गरेको सीप गुमाउनुको कारण खोजिनुपर्छ । बालरोग विशेषज्ञ, स्नायु रोग विशेषज्ञ, पुनर्स्थापना सेवा, विद्यालय र परिवारबीच समन्वय बढाउन आवश्यक छ । रोग पहिचानपछि परिवारले दीर्घकालीन सहयोग पाउने व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण छ । यस्तो निदान खोज्ने प्रक्रिया, उपचार खर्च, विद्यालयको आवश्यकता र भविष्यको अनिश्चितताले परिवारलाई मानसिक, सामाजिक र आर्थिक भार पार्न सक्छ । त्यसैले बच्चासँगै अभिभावक र परिवारलाई सही सूचना, मनोसामाजिक सहयोग, पुनर्स्थापना सेवा र निरन्तर हेरचाह आवश्यक हुन्छ । विद्यालय र समुदायले क्षमता घट्दै गएको बच्चालाई दोष दिनुभन्दा परिवर्तनको कारण बुझ्ने प्रयास गर्नुपर्छ । सन् २०२६ को बाल्यकालीन डिमेन्सिया दिवसको सन्देश 'अब पर्खन सकिँदैन' भन्ने छ । प्रभावित बच्चा र परिवारले पहिचान र सहयोगका लागि वर्षौं कुर्नु नपरोस् भन्नेतर्फ यो सन्देशले ध्यान खिच्छ ।

*-अनलाइन खबर डटकम*

# बाहिरबाट स्वस्थ देखिने व्यक्तिमा पनि किन हुन्छ हृदयाघात ?



हामी अक्सर मिडिया वा समाजमा बाहिरबाट एकदमै सामान्य, शारीरिक रूपमा फुर्तिलो र कुनै रोग नभएको जस्तो देखिने मानिसलाई पनि अचानक फदयाघात (हार्ट अट्याक) भएको सुन्छौं । मोटोपना नभएका, नियमित व्यायाम गर्ने र युवा अवस्थाका व्यक्तिहरूमा पनि यस्ता घटनाहरू यदाकदा देखिने गरेका छन् । बाहिरबाट हेर्दा निरोगी र शारीरिक रूपमा फिट देखिने व्यक्तिलाई अङ्ग्रेजीमा 'एप्पारेन्टली नर्मल' भनिन्छ । बाहिरबाट हेर्दा पूर्ण रूपमा स्वस्थ र फुर्तिलो देखिने व्यक्तिमा पनि अचानक मुटुको गम्भीर समस्या वा फदयाघात देखिनुको मुख्य कारण के होला ? के यसलाई रोकथाम गर्न सकिन्छ वा हामीले मुटुको स्वास्थ्यका बारेमा कहाँ गलत बुझिरहेका छौं ? यस विषयमा गहिरोसँग बुझ्न र सचेत हुन अति आवश्यक छ । सबैभन्दा पहिले हामीले के बुझ्न जरुरी छ भने एउटा सामान्य र स्वस्थ देखिने व्यक्तिको मुटुका नसा तथा शरीरका अन्य महत्वपूर्ण रक्तनलीहरूमा पनि ब्लकेज (अवरोध) हुन सक्छ । यदि मुटुको नसामा ५० प्रतिशतभन्दा कम ब्लकेज छ भने त्यसको कुनै बाहिरी लक्षण देखिँदैन । नसामा १०, २०, ३० वा ४० प्रतिशतसम्म ब्लकेज हुँदा पनि मानिसले सजिलै दौडिन वा दैनिक कठिन शारीरिक कामहरू गर्न सक्छ । उसलाई छाती दुख्ने वा स्वाँ-स्वाँ हुने जस्ता कुनै पनि समस्या वा लक्षण हुँदैन । मुटु रोग वा नसामा ब्लकेजको सुरुवात (बीजारोपण) कहिलेकाहीँ जन्मजात वा २०, ३० र ४० वर्षको उमेरदेखि नै भइसकेको हुन सक्ने कुरा विभिन्न अध्ययन र अनुसन्धानले देखाइरहेका छन् । यस्तो अवस्थामा मानिस बाहिरबाट पूर्ण निरोगी देखिए पनि भित्रभित्रै मुटु रोगको जोखिम बढिरहेको हुन सक्छ । मुटुको नसामा ब्लकेज हुने समस्या खराब र राम्रो दुवै प्रकारको जीवनशैली भएका मानिसहरूमा देखिन सक्छ । तर, यी दुईबिचको मुख्य फरक भनेको जोखिमको सम्भावना हो । चुरोट तथा सुर्तीजन्य पदार्थको सेवन, अत्यधिक मद्यपान, मोटोपना, अस्वस्थकर खानपान, शारीरिक व्यायामको कमी, मानसिक तनाव, अपर्याप्त निद्रा र अत्यधिक प्रशोधित ( जंक) खानाको सेवनले खराब जीवनशैली भएका मानिसहरूमा मुटु रोगको जोखिम निकै बढाउँछ । यस्ता मानिसहरूलाई आफू जोखिममा छु भन्ने थाहा पनि हुन्छ । अर्कोतर्फ, नियमित व्यायाम गर्ने, सन्तुलित तौल राख्ने, स्वास्थ्यप्रति सचेत रहने र पोषणयुक्त खानपान गर्ने व्यक्तिहरूमा मुटु रोगको सम्भावना तुलनात्मक रूपमा निकै कम हुन्छ । तर, राम्रो जीवनशैली भएका मानिसहरू यस जोखिमबाट १०० प्रतिशत मुक्त भने हुँदैनन् । अक्सर राम्रो जीवनशैली अपनाउने व्यक्तिहरूमा एउटा ठुलो भ्रम वा अन्धविश्वास पाइन्छ । उनीहरूले 'म नियमित व्यायाम गर्छु, सन्तुलित खाना खान्छु, चुरोट-रक्सी खाँदिनँ, त्यसैले मलाई मुटुको रोग लाग्दैन' भनेर आफ्नै स्वास्थ्यलाई 'टेकन फर ग्रान्टेड' ( लापरवाही वा निश्चित) मान्ने गर्छन् । तर यहाँ बुझ्नुपर्ने मुख्य कुरा के हो भने, राम्रो जीवनशैली भएका मानिसलाई पनि मुटुको रोग लाग्न सक्छ । केवल उनीहरूमा यसको अनुपात वा सम्भावना धेरै कम हुन्छ । बाहिरबाट मानिस शारीरिक रूपमा फिट देखिए पनि उसको परिवारमा मुटु रोगको पारिवारिक इतिहास हुन सक्छ । यसका साथै जेनेटिक वा अन्य कारणले रगतमा कोलेस्ट्रोल बढेको हुन सक्छ । उच्च रक्तचाप र मधुमेह (सुगर) जस्ता समस्याहरूको पनि सुरुवाती अवस्थामा बाहिरी लक्षण देखिँदैन । यस बाहेक, कुनै व्यक्तिलाई टाढाबाट हेर्ने वा भेट्ने मानिसलाई उसको वास्तविक आन्तरिक जीवनशैली थाहा हुँदैन । बाहिरबाट फुर्तिलो देखिने व्यक्तिले भित्रभित्रै धुम्रपान वा मद्यपान गरिरहेको छ कि, उसको जीवनमा अत्यधिक मानसिक तनाव वा डिप्रेसन छ कि, वा उसको निद्राको ढाँचा बिग्रिएको छ कि भन्ने कुरा बाहिरी हेराइबाट पत्ता लाग्दैन । त्यसैले मानिसले बाहिरबाट कसैलाई हेरेर मात्र उसको आन्तरिक स्वास्थ्य अवस्था थाहा पाउन सक्दैन । यसै कारण शारीरिक रूपमा फिट देखिनु र 'चिकित्सकीय मापदण्ड अनुसार भित्रबाट स्वस्थ हुनु' दुई सर्वथा फरक कुरा हुन् । त्यसैले, यस्ता बाहिरबाट स्वस्थ देखिने मानिसमा हुने अचानकका दुर्घटना वा फदयाघातबाट जोगिनका लागि उमेर अनुसार नियमित रूपमा 'हेल्थ एसेसमेन्ट' (स्वास्थ्य परीक्षण) गराउनु अति आवश्यक हुन्छ । विशेष गरी ३०, ३५ वा ४० वर्षको उमेर पुगेपछि प्रत्येक व्यक्तिले चिकित्सकको परामर्शमा आफ्नो स्वास्थ्यको जोखिम मूल्याङ्कन गराउनुपर्छ । डाक्टरहरूले व्यक्तिको जीवनशैली, पारिवारिक इतिहास, रगतको रिपोर्ट, रक्तचाप, सुगर, कोलेस्ट्रोल र मानसिक तनाव जस्ता समग्र पक्षहरूलाई एनालाइज गरेर वास्तविक स्थिति पत्ता लगाउँछन् । यदि रिपोर्टहरू धेरै राम्रा छन् भने ५ वर्षमा, अलिकति मर्मतसम्भार चाहिने खालका छन् भने २ वर्ष वा १ वर्षमा नियमित परीक्षण गराइरहनु पर्छ । संसारमा कुनै पनि यस्तो अचुक सूत्र वा विधि बनेको छैन जसले मानिसलाई १०० प्रतिशत मुटु रोगबाट बचाउन सकोस् । तर, यदि मानिस सचेत र सतर्क रह्यो भने फदयाघात वा मुटुको दुर्घटना हुने सम्भावनालाई निकै घटाएर लगभग शून्यको नजिक ल्याउन भने पक्कै सकिन्छ । निष्कर्षमा, स्वस्थ जीवनशैलीका नियमहरू (जस्तै: दैनिक १ घण्टा व्यायाम, तौल नियन्त्रण, चुरोट/रक्सीबाट टाढा रहने, प्रशोधित खाना नखाने) पालना गर्नुका साथै समय-समयमा आफ्नो 'सेल्फ एसेसमेन्ट' र 'मेडिकल एसेसमेन्ट' गराउनु नै मुटुलाई स्वस्थ राख्ने र अकाल मृत्युबाट जोगिने उत्तम उपाय हो । आफू बाहिरबाट फिट देखिँदैमा ढुक्क भएर नबसौं, नियमित रूपमा स्वास्थ्य परीक्षण गराएर आफ्नो मुटुको वास्तविक अवस्था थाहा पाउने गरौं ।*-रातोपाटी डटकम*

# 'स्वास्थ्य प्रणाली सुधारमा रोग नियन्त्रण केन्द्रको भूमिका महत्वपूर्ण'



स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले प्रस्तावित रोग नियन्त्रण केन्द्र (सिडिसी), खाद्य तथा औषधि प्रशासन (एफडिए) र राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण ( एनएचएए)ले रोग नियन्त्रण, औषधि तथा खाद्य नियमन र स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि महत्वपूर्ण भूमिका खेल्ने बताएकी छिन् । उनले यी तीनवटै संरचना निर्माण गर्दा विद्यमान संस्थाको विशेषज्ञता, जनशक्ति र अनुभवलाई संरक्षण गर्नुपर्ने बताइन् । बुधबार आयोजित सिडिसी, एफडिए तथा एनएचएए स्थापनासम्बन्धी कार्यशाला गोष्ठीमा मन्त्री मेहताले औषधि तथा खाद्य नियमनमा रहेको दोहोरोपन र जिम्मेवारीको अस्पष्टता हटाउँदै औषधि, खोप, स्वास्थ्य उपकरण, रोग परीक्षण सामग्रीलगायतको नियमनलाई व्यवस्थित गर्नुपर्ने बताइन् । एनएचएएले स्वास्थ्य संस्थाको बाह्य मूल्याङ्कन तथा गुणस्तर प्रत्यायनको प्रणाली विकास गर्न सक्ने उनले बताइन् । त्यस्तै, सिडिसीलाई रोग निगरानी, महामारी तयारी तथा आकस्मिक प्रतिकार्यमा सैंय तहको प्राविधिक नेतृत्व गर्ने संरचनाका रूपमा विकास गर्न सकिने मन्त्री मेहताको भनाइ थियो । "सुधार रूपान्तरणका लागि हुनुपर्छ, विकृतिका लागि होइन", उनले भनिन्, "हाम्रो उद्देश्य संस्था बनाउनु मात्रै होइन, स्वास्थ्य प्रणाली बलियो बनाउनु हो ।" मन्त्री मेहताले प्रस्तावित तीनवटै संरचनाको अन्तिम स्वरूप तत्काल निर्धारण गर्ने चरणमा मन्त्रालय नरहेको स्पष्ट पारे । हाल मस्यौदा, कार्यढाँचा र मार्गचित्र तयार गर्ने चरणमा रहेको बताउँदै उनले संरचना निर्माणका क्रममा सम्बन्धित सरोकारवाला, प्रदेश तथा स्थानीय तह, निजी क्षेत्र, स्वास्थ्यकर्मी, विज्ञ तथा शैक्षिक क्षेत्रसँग चरणबद्ध रूपमा छलफल गरिने जानकारी दिए ।*-रासस*

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु




**पाल्पा,** असोज १५/ देशका विभिन्न स्थनमा भएका छुट्टाछुट्टै घटनामा परी पाँच जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनामा दुई जना र तीन जना मृत अवस्थमा भेटिएका हन् ।

रुपन्देहीको सैनामैना नगरपालिका-१ नयाँ बस्तीस्थित सडकमा मोटरसाइकल चालकको मृत्यु भएे छ । बोलबमदेखि रानीबगियातर्फ जाँदै गरेको लु.३६ प ४२२५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई बिहीबार बिहान दुर्घटना हुँदा चालक तिलोत्तमा नगरपालिका-१३ पवनी बस्ने १८ वर्षीय नवराज थारूको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै बझाङको सुर्मा गाउँपालिका-२ दोगडीस्थित सडकमा जिप दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । दौलिचौरबाट चैनपुरतर्फ आउँदै गरेको कर्णाली प्रदेश ००१ च १०९५ नम्बरको बोलेरो जीप अनियन्त्रित भई बिहीबार बिहान दुर्घटना हुँदा चालक सोही गाउँपालिका-४ बस्ने २७ वर्षीय कुन्दन बोहराको घटनास्थलमै मृत्यु भएको हो ।

यस्तै काठमाडौंको तारकेश्वर नगरपालिका-५ मुड्खु डेरा गरी बस्ने सिन्धुपाल्चोक घर भएका ४५ वर्षीय पाल्देन लामा आफ्नै कोठामा बिहीबार मृत अवस्थामा फेला परेका छन् । यस्तै दोलखाको वैतेश्वर गाउँपालिका(१ टुनिबोटे बस्ने ६५ वर्षीय कृष्ण बहादुर विक सोही ठाउँस्थित सडक छेउको कुलोमा बिहीबार मृत अवस्थामा फेला परेका छन् । यस्तै रौतहटको मौलापुर नगरपालिका-५ स्थित भकुवा खोलामा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ३५ वर्षीय पुरूष बिहीबार मृत अवस्थामा फेला परेका छन् । घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

## खेलकुद समाचार

### नेपाल पहिलो पटक साफ च्याम्पियनसिपबाट बाहिर




**काठमाडौं,** असोज १५/नेपाली राष्ट्रिय फुटबल टोलीले दक्षिण एशियाली फुटबलको सबैभन्दा ठूलो क्षेत्रीय प्रतियोगिता साफ च्याम्पियनसिपको आउँदो संस्करण गुमाउने निश्चित भएको छ । दक्षिण एशियाली फुटबल महासंघले नेपाललाई प्रतियोगितामा सहभागी गराउन दिएको अन्तिम समयसीमा बुधबार सकिएपछि नेपालको सहभागिता औपचारिक रूपमा टुंगिएको हो । बंगलादेशमा अबको १ महिनापछि नोभेम्बर ५ देखि १७ तारिखसम्म हुने १५औं साफ च्याम्पियनसिपको समूह विभाजनमा यसअघि नै नेपाललाई समावेश गरिएको थिएन । फिफाले गएको असारमा एन्फालाई निलम्बन गरेको थियो । राष्ट्रिय खेलकुद परिषद्को हस्तक्षेपलाई तेस्रो पक्षको हस्तक्षेपका रूपमा व्याख्या गर्दै फिफाले एन्फामाथि कारबाही गरेको हो । फिफाले निलम्बन फुकुवाका लागि एन्फाको स्वायत्तता कायम गर्नुपर्ने र एन्फाले आफ्नो विधानअनुसार निर्वाचन प्रक्रिया अघि बढाउन पाउनुपर्ने विषयलाई मुख्य सर्तका रूपमा अघि सारेको छ । तर एन्फा र सरकारी निकायबीचको विवाद समाधान हुन नसक्दा निलम्बन कायमै छ । यसको प्रत्यक्ष असर अब साफ च्याम्पियनसिपमा परेको छ । साफको स्थापना भएयता नेपालले पहिलोपटक यो प्रतियोगिता गुमाउन लागेको हो । यसअघि नेपालले साफ च्याम्पियनसिपका सबै संस्करणमा सहभागिता जनाउँदै आएको थियो । एन्फामाथिको फिफा निलम्बनको प्रत्यक्ष असर नेपाली राष्ट्रिय फुटबल टोलीको अन्तर्राष्ट्रिय सहभागितामा परेको छ । साफ च्याम्पियनसिप गुमेसँगै नेपालले यो वर्षको महत्वपूर्ण क्षेत्रीय फुटबल प्रतियोगिताबाट समेत बाहिरिनुपरेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

# आधुनिकताले लोप हुँदै...

..."जाँतोको ठाउँमा मिल आयो, सिलौटाको साटो मिक्सचर उपलब्ध भयो । सनपाटका डोरी छोडेर प्लास्टिकको डोरी लिन थाले, हाम्रो मेहनत कसैले बुझ्दैनन्", पटवारीले भने, "अब हाम्रो पेसा बन्द हुँदै गएको छ ।" उनका अनुसार सिलौटा र जाँतो बनाउने ढुङ्गा नेपालमा नपाइने भएकाले भारतको बहराइचबाट किनेर ल्याउनुपर्छ । ढुङ्गालाई काँटछाँट गरेर मेहनतका साथ कलात्मक बनाएर बिक्रीका लागि गाउँ-गाउँ पुगे पनि बिक्री हुँदैन । एउटा सिलौटा बनाउने ढुङ्गाको भारु १५० पर्छ । बनाइसकेपछि रु चार/पाँच सयमा बिक्री गर्न पनि समस्या भएको अगुवा पट्वारीले बताए । पुर्ख्यौली पेसा सङ्कटमा पर्दै गएपछि अहिले उनीहरू सामाजिक सुरक्षा भत्ताबाट जीविकोपार्जन गर्दै आएका छन् । जनजाति भित्रको लोपोउन्मुख जाति मानिने कुचबधिया/पथरकट्टा समुदायका प्रत्येक सदस्यले सरकारबाट प्रतिमहिना रु चार हजार सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् । इन्द्रपुरस्थित कुचबधियाबस्तीका २७५ जनाले सामाजिक सुरक्षा भत्ता पाउँदै आएको जानकी गाउँपालिका-३ का सचिव लालबहादुर रानाले जानकारी दिए । उनका अनुसार, बाँकेको इन्द्रपुर, नेपालगन्ज उपमहानगरपालिका-६ फुल्टेक्रा र नेपालगन्ज-२० गायत्रीनगरमा कुचबधिया समुदाय बस्दै आएका छन् । विसं २०७८ को जनगणनाअनुसार कुचबधिया/पत्थरकट्टा समुदायको जनसङ्ख्या तीन हजार ३४३ रहेको छ ।-रासस

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका-१५ निवासी भारतिय भू.पू.सैनिक नं. JC 328475 Y का Sub/H/Lt. जहान सिं खाम्चा (ना.प्र.मा जहान सिं खाम्चा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा यामश्वरी (Yamshwari) र जन्म मिति सन् १९६३ सेप्टेम्वर १५ (वि.स.२०२०/०५/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा यान सरा खाम्चा, जन्म मिति वि.स. २०१०/०३/१५ (सन् १९५३ जुन २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक बौघागुम्हा गा.वि.स.-३ आमडाँडा, हाल तानसेन नगरपालिका-१२ निवासी भारतिय भू.पू.सैनिक नं. 5339432 Y का HAV लाल बहादुर राना (ना.प्र.मा लाल वहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मान कुमारी र जन्म मिति सन् १९४९ जुलाई १ (वि.स.२००६/०३/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा मान कुमारी राना, जन्म मिति वि.स. २००७/१०/०४ (सन् १९५१ जनवरी १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक ताहूँ गा.वि.स.-६ टोकल्डी, हाल रम्भा गाउँपालिका-५ निवासी भारतिय भू.पू.सैनिक नं. 5345281 F का NK विर बहादुर थापा (ना.प्र.मा विर बहादुर हिताङ्ग) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मिना कुमारी थापा र जन्म मिति सन् १९६७ मे ११ (वि.स.२०२४/०१/२८) र नेपाली नागरिकता प्रमाणपत्रमा मिना कुमारी हिताङ्ग, जन्म मिति वि.स. २०१८/०८/१० (सन् १९६१ नोभेम्वर २५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चापपानी गा.वि.स.-४ ऐरमडाँडा, हाल बगनासकाली गाउँपालिका-९ निवासी भारतिय भू.पू.सैनिक नं. 5041004 A का NK धन बहादुर थापा (ना.प्र.मा धन बहादुर थापा सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा सुन्दरी कुमारी थापा र जन्म मिति सन् १९६४ अक्टुवर १० (वि.स.२०२१/०६/२५) र नेपाली नागरिकता प्रमाणपत्रमा सुमित्रा सारु, जन्म मिति वि.स. २०२०/०३/१५ (सन् १९६३ जुन २९) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५.तानसेन.पाल्पा.फोन:०७५-५२०६०१.E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९. पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई. सम्पादक: रामचन्द्र रायमाझी. प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई